# चितुवाको आक्रमणबाट बच्ने उपायहरू

## आक्रमण गर्नुअघि

- जङ्गलमा हिंड्दा चितुवाको गन्ध वा पाइलाको निशान याद गर्ने । चितुवाको पाइला देख्ने बित्तिकै वा गन्ध थाहा पाएपछि सर्तक हुने र त्यस दिशातिर नजाने ।
- अन्य जनावरको सङ्केत (चित्तल, रतुवा, लङ्गुर, बाँदर वा चराहरूको आवाज) याद गर्ने । चितुवा वा बाघ देख्दा यिनीहरु कराएर संकेत दिन्छन्।
- जङ्गल छेउछाउमा बस्ने मान्छेले राति आफ्नो घरको झ्यालढोका राम्ररी बन्द गर्ने ।
- साँझमा घर बाहिर नबस्ने साथै राति घरबाट बाहिर ननिस्किने । निस्किनै परे हातमा लौरो अथवा कुनै साधारण हतियार लिएर सर्तक भएर होसियारी पूर्वक निस्किने । सकेसम्म साथी लिएर मात्र निस्किने ।
- आफ्ना बालबालिकाहरूलाई साझ अबेरसम्म बाहिर खेल्न नदिने ।
- जङ्गल छेउछाउका क्षेत्रमा बस्नेहरूले साझ एक्लै हिडडुल नगर्ने । दिशा पिसाब गर्न जङ्गलमा नजाने ।
- जङ्गल छेउछाउका क्षेत्रमा बस्ने बासिन्दाले घर वरीपरी बास, झाडीमा र बुट्यान नराख्ने । यस्तो झाडी, बुट्यानमा चितुवा लुकेर बस्न सक्छ ।
- घरको एकदम नजिक खेती गर्दा पनि चितुवा लुकेर बस्न मिल्ने बाली जस्तै मकै, उखु नलगाउने ।
- घर बाहिर आगो वा बत्ती बालेर उज्यालो राख्ने ।

## आक्रमण गर्ने अवस्थामा

- आत्मरक्षाको लागी आक्रमण गर्नु अघि नै चितुवाले बाघले जसरी गर्जने, कान लपक्क सुताउने, जमिनमा दबेर बस्ने र पुच्छर जोड्ने यताउता हल्लाउने गर्छ ।
- मध्यम आकारको हुने हुँदा यसले हत्तपत्त वयस्क मान्छेलाई आक्रमण गर्दैन तर आइहाल्यो भने हात माथि उठाएर ( हातमा झोला वा अन्य सामान भए अझ प्रभावकारी हुन्छ ) जोड-जोडले हल्ला गर्ने । यसो गर्दा मान्छेको आकार अझै ठुलो देखेर चितुवा डराएर भाग्न सक्छ ।
- चितुवाले आफुजति नै भारी शिकार बोकेर रूख सजिलै चढ्न सक्ने तथा रूखमा बादर समात्न सक्ने जीव हो । त्यसकारण आक्रमण गर्न आउँदा रूख चढ्नु उपयुक्त हुँदैन । हातमा लौरो छ भने भुंईमा वा रूखमा बजार्दै जोड-जोडले हो -हल्ला गर्ने ।

## आक्रमण गरीसकेपछि

- साथमा लौरो छ भने जोडले चितुवाको नाकमा प्रहार गर्ने ।
- चितुवाले पछाडीको पञ्जाले पेटतिर चिथोर्न सक्ने हुने हुँदा आफ्नो टाउको र घाटी जोगाउनुको साथै भुईमा डल्लो परी खुट्टाले पेटलाइ जोगाउने प्रयास गर्ने ।
- मान्छेले आक्रमण गरको थाहा पाउने बित्तिकै यो खबर नजिकको गाउँहरूमा पनि  यथाशिघ्र पठाउने, साथै वडा कार्यलय, डिभिजन वन कार्यलय, निकुञ्ज, आरक्ष, प्रहरी कार्यालय साथै बन उपभोक्ता समितिलाई  खबर गर्ने ।

## घाइते भएमा प्राथमिक उपचार

- चितुवाको आक्रमणबाट शरीरको कुनै भागमा रगत बगेको छ भने रोक्ने काम गर्नुहोस् ।
- कुनै अंगभङ्ग भएको छ भने त्यस अंगलाई सुरक्षित राख्नुहोस् ।
- सकेसम्म सवारी साधनमा राखी प्राथमिक उपचार केन्द्र वा नजिकको अस्पताल पुऱ्याउनुहोस् ।


The Rufford Foundation
www.rufford.org @ruffordgrants

**अवधारणा :**
सौरभ लामिछाने, दिब्या भट्टराई

**तस्विर**
सन्देश लामिछाने

# परिचय

नेपाली नाम : चितुवा

अंग्रेजी नाम : Common leopard

वैज्ञानिक नाम : *Panthera pardus (fusca)*

शारीरिक बनोट : खैरो सुनौलो रंगको पृष्ठभूमिमा कालो थोप्लाहरू

वजन : ५० - ८० किलोग्राम

लम्बाइ : १.५ देखि २. २ मिटर

उचाइ : ४५ देखि ८० सेन्टिमिटर

उमेरः १२ देखि १६ वर्ष (गर्भ अवधि ९० देखि १०५ दिन सम्म)

बच्चा : एक पटकमा २-४ डमरु

आहारा : रतुवा, चित्तल, बँदेल, बाँदर, लुइचे, खरायो आदि

बासस्थान : तराई देखी हिमाल सम्मका बन, झाडी तथा घाँसे मैदान

बिचरण क्षेत्रः १५-५० वर्ग किलोमिटर

नेपालमा पाइने १२ प्रजातिका जंगली बिरालोमध्ये चितुवा पनि एउटा हो । चितुवा तराई देखी उच्च पहाडी क्षेत्र सम्म बिचरण गर्ने र मानव बस्ती वरपर पनि बाँच्न सक्ने जानवर हो । नेपालमा यिनीहरू समुन्द्र सतहबाट ४५०० मिटर उचाइमा रहेका सबै प्रकारका बास स्थानहरूमा अभिलेख गरिएका छन्। यिनिहरु उच्च मानबिय चाप र आहार प्रजातिहरू कम भएका ठाउँहरूमा पनि बिचरण गर्ने भएकोले मान्छेसंग बडी द्वन्दमा पर्ने गरेको छ । शारीरिक हिसाबले मध्यम आकारको भएपनि चितुवा एक चतुर जनावर हो । यसले तुरुन्तै मानिसलाई आक्रमण गर्दैन तर उल्लेख गरिएको अवस्थामा यो आक्रामक पनि हुन सक्छ ।



## चितुवाले आक्रमण गर्न सक्ने अवस्था

- जम्काभेट भएमा र चितुवाले भाग्ने ठाउँ वा जिस्काएको अवस्थामा ।
- आराम गरिरहेको बेला मानिस अचानक पुगेर होहल्ला गरेको वा जिस्काएको अवस्थामा ।
- शिकार खाईरहेको अवस्थामा ।
- सानो बच्चा साथमा भएको बेला र बच्चालाई खुवाइरहेको बेलामा अचानक मानिस पुगेमा ।
- अचानक बाटो बिराई गाउँ-सहर वा बस्तीमा पसेको अवस्थामा चारैतिर मान्छेले घेरिएमा ।
- बुढो वा घाईते भई शिकार गर्न अशक्त भएको अवस्थामा ।
- माउबाट छुट्टिएको र राम्ररी शिकार गर्न नसिकेको अवस्थामा पनि चितुवाले मान्छेलाई आक्रमण गर्न सक्छ ।

## चितुवाले आक्रमण गर्ने तरिका

चितुवाले आक्रमण गर्ने तरिका बाघले आक्रमण गर्ने तरिकासँग मिल्दोजुल्दो हुन्छ । चितुवा रुख चढ्न सक्ने भएकोले रुखबाट पनि आक्रमण गर्नसक्छ । प्राय : जसो साँझ परेपछि घर, गोठ र पँधेरा नजिक झाडीमा लुकेर बस्न सक्छ र मान्छे नजिक पुगेमा आक्रमण गर्नसक्छ । कहिले काँहि झ्याल, ढोका वा धुरिबाट पनि घरभित्र छिरेको पाइन्छ । साँझ परेपछि जङ्गल नजिकैको बस्तीमा कुकुर, बाख्रा, भेडा, सुँगुर वा अन्य घर पालुवा जनावरको शिकारको लागि गाउँ पस्छ । यस्तो अवस्थामा मान्छेले आक्रमण गर्दा अगाडिको पञ्जाले हान्ने, मुखले टोक्ने र पछाडिको पञ्जाले चिथोर्ने गर्छ ।

## चितुवाको आक्रमणबाट बच्ने उपाय

### क) आक्रमण गर्नुअघि



- जङ्गलमा हिँड्दा चितुवाको गन्ध वा पाइलाको निशान याद गर्ने ।
- चितुवाको पाइला देख्ने बित्तिकै वा गन्ध थाहा पाएपछि सर्तक हुने र त्यस दिशातिर नजाने ।
- अन्य जनावरको सङ्केत (चित्तल, रतुवा, लङ्गुर, बाँदर वा चराहरुको आवाज) याद गर्ने । चितुवा वा बाघ देख्दा यिनीहरु कराएर संकेत दिन्छन्।
- जङ्गल छेउछाउमा बस्ने मान्छेले राति आफ्नो घरको झ्यालढोका राम्ररी बन्द गर्ने ।
- साँझमा घर बाहिर नबस्ने साथै राति घरबाट बाहिर ननिस्किने । निस्किनै परे हातमा लौरो अथवा कुनै साधारण हतियार लिएर सर्तक भएर होसियारी पूर्वक निस्किने । सकेसम्म साथी लिएर मात्र निस्किने ।
- आफ्ना बालबालिकाहरुलाई साँझ अबेरसम्म बाहिर खेल्न नदिने ।
- जङ्गल छेउछाउका क्षेत्रमा बस्नेहरुले साँझ एक्लै हिंड्डुल नगर्ने ।
- दिशा पिसाब गर्न जङ्गलमा नजाने ।
- जङ्गल छेउछाउका क्षेत्रमा बस्ने बासिन्दाले घर वरीपरी बाँस, झाडीमा र बुट्यान नराख्ने ।यस्तो झाडी, बुट्यानमा चितुवा लुकेर बस्न सक्छ ।
- घरको एकदम नजिक खेती गर्दा पनि चितुवा लुकेर बस्न मिल्ने बाली जस्तै मकै, उखु नलगाउने ।
- घर बाहिर आगो वा बत्ती बालेर उज्यालो राख्ने ।

### ख ) आक्रमण गर्ने अवस्थामा

- आत्मरक्षाको लागी आक्रमण गर्नु अघि नै चितुवाले बाघले जसरी गर्जने, कान लपक्क सुताउने, जमिनमा दबेर बस्ने र पुच्छर जोड्ने यताउता हल्लाउने गर्छ ।
- मध्यम आकारको हुने हुँदा यसले हत्तपत्त वयस्क मान्छेलाई आक्रमण गर्दैन तर आइहाल्यो भने हात माथि उठाएर ( हातमा झोला वा अन्य सामान भए आझ प्रभावकारी हुन्छ ) जोड-जोडले हल्ला गर्ने ।यसो गर्दा मान्छेको आकार अझै ठुलो देखेर चितुवा डराएर भाग्न सक्छ ।
- चितुवाले आफुजति नै भारी शिकार बोकेर रुख सजिलै चढ्न सक्ने तथा रुखमा बाँदर समात्न सक्ने जीव हो । त्यसकारण आक्रमण गर्न आउँदा रुख चढ्नु उपयुक्त हुँदैन ।
- हातमा लौरो छ भने भुँइमा वा रुखमा बजार्दै जोड-जोडले हो-हल्ला गर्ने ।

### ग ) आक्रमण गरीसकेपछि

- साथमा लौरो छ भने जोडले चितुवाको नाकमा प्रहार गर्ने ।
- चितुवाले पछाडीको पञ्जाले पेटतिर चिथोर्न सक्ने हुने हुँदा आफ्नो टाउको र घाँटी जोगाउनुको साथै भुँइमा डल्लो परी खुट्टाले पेटलाइ जोगाउने प्रयास गर्ने ।
- मान्छेले आक्रमण गरेको थाहा पाउने बित्तिकै यो खबर नजिकको गाउँहरुमा पनि यथाशिघ्र पठाउने, साथै वडा कार्यलय, डिभिजन वन कार्यलय, निकुञ्ज, आरक्ष, प्रहरी कार्यालय साथै बन उपभोक्ता समितिलाई खबर गर्ने ।

### घ ) घाइते भएमा प्राथमिक उपचार



- चितुवाको आक्रमणबाट शरीरको कुनै भागमा रगत बगेको छ भने रोक्ने काम गर्नुहोस् ।
- कुनै अंगभङ्ग भएको छ भने त्यस अंगलाई सुरक्षित राख्नुहोस् ।
- सकेसम्म सवारी साधनमा राखी प्राथमिक उपचार केन्द्र वा नजिकको अस्पताल पुर्‍याउनुहोस् ।

### वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ (तेस्रो संशोधन, २०७५) को प्रवधानहरु

वन्यजन्तुहरु जस्तैः हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वाँसे चितुवा, ब्वाँसो, जंगली कुकुर, अर्ना, मगर गोही, अजिंगर र गौरीगाईबाट देहायको क्षति भएको अवस्थामा निम्न बामोजिम राहत सहयोगको व्यवस्था रहेको छ । सोको लगी पिडित वा हकवालाले ३५ दिन भित्र सम्बधित निकायमा निवेदन दिनु पर्छ ।

#### मानवीय क्षति

- समान्य घाईतेलाई रु २०,००० सम्म औषधी उपचार खर्च दिने ।
- सख्त घाईतेलाई रु २,००,०००/- र सो भन्दा बढी खर्च लाग्ने भएमा सरकारी अस्पतालमा उपचार गराई सोही अस्पतालको सिफारिसमा सम्पुर्ण उपचार खर्च नेपाल सरकारले बहोर्ने ।
- मानिसको मृत्यु भएमा मृतक को आश्रित परिवारलाई रु १०,००,०००/- राहत रकम दिने ।

#### पशुधनको क्षति (बिमा रकम कटाएर)

- वयस्क भैंसी, गोरु, उन्नत गाई, साँढेको मृत्यु भएमा बढीमा रु ३०,००० सम्म राहत दिने ।
- अन्य पशुवस्तुको मृत्यु भएमा प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु १०,०००/- सम्म राहत दिने ।

#### घर, गोठ, र खाधान्न बाली क्षति


- प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु १०,०००/- सम्म राहत दिने ।

#### राहत रकम प्राप्त गर्न चाहिने कागजातहरु

पिडित/हकवालाको निवेदन, सम्भव भएसम्म मृतक/पिडितको फोटो, मृत्यु दर्ताको प्रमाणपत्र, घटनास्थलको सर्जमिन मुचुल्का, मृत्युको हकमा पोस्टमार्टम रिपोर्ट, प्रहरी प्रतिवेदन, घटना घटेको बन वा मध्यवर्ती उपभोक्ता समिति को सिफारिस, सम्बधित नगर/ गाउँ पालिकाको सिफारिस, नाता प्रमाणित (मृतक को हकमा), उपचार गरेको अस्पताल वा संस्थाको सिफारिस, पशु वा कृषि सेवा सम्बन्धित प्राविधिक को मूल्याङ्कन र जग्गाधनी प्रमाण पुर्जा ।

सन्दर्भः डिभिजन वन कार्यलय, नवलपुर
राष्ट्रिय प्रकृति संरक्षण कोष, चितवन

# चितुवा बाट हुन सक्ने खतरा र जोगिने उपाय




अवधारणा :
सौरभ लामिछाने
टंक रावल
दिब्या भट्टराई
सन्ध्या ढकाल

तस्विर
सन्देश, विनय, बिक्रम, सौरभ



The Rufford Foundation
www.rufford.org @ruffordgrants



E-mail:lamichhanesaurav2078@gmail.com